**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 5, Volume 5, Issue 1, Dec. 2023
Solukhumbu Multiple Campus Research Development and Management Committee

# कक्षाकोठाको सामाजिक शिक्षाको सिकाइमा तीक्ष्ण (क्षमतावान्) विद्यार्थीको व्यवस्थापन : सहभागितामा आधारित कार्यमूलक अनुसन्धान

**हिमा पौडेल**

*Article History : Submitted 16 Sept. 2023; Reviewed 13 Oct. 2023; Accepted 15 Dec. 2023*
*Author : Hima Paudel Email: himapaudel010@gmail.com*


## लेखसार


*प्रस्तुत अध्ययन कक्षाकोठामा रहेका तीक्ष्ण विद्यार्थीको व्यवस्थापनसँग सम्बन्धित रहेको छ। फरक क्षमता भएका विद्यार्थीलाई नै तीक्ष्ण विद्यार्थी मानिएको पाइन्छ। यो अनुसन्धान सामाजिक शिक्षाको सिकाइमा तीक्ष्ण विद्यार्थीको व्यवस्थापन सहभागितामा आधारित कार्यमूलक अनुसन्धान हो। कक्षाकोठामा रहेका तीन तहका तीक्ष्ण,औसत र निम्न स्तरका विद्यार्थीहरूमध्ये सामाजिक सिकाइमा तीक्ष्ण विद्यार्थीको उचित व्यवस्थापन गर्नु यस अध्ययनको मुख्य उद्देश्य बनेको छ। यो गुणात्मक अनुसन्धान विवरणात्मक र व्याख्यात्मक ढाँचाले तीन चरण गरेर अध्ययन अगाडि बढेको छ। कक्षाकोठामा सामाजिक शिक्षाको सिकाइमा रहेका विद्यार्थी अव्यवस्थित हुनु कक्षाकोठाको समस्या बनेको छ। कक्षाकोठामा हुने सामाजिक शिक्षाको सिकाइमा तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा शिक्षकको कस्तो भूमिका हुन्छ भन्ने कुराले सम्पूर्ण शिक्षकहरूलाई जागरुक बनाएको छ। यो अनुसन्धान ललितपुरको गोदावरी नगरपालिका वडा नं दशमा पर्ने नीजि विद्यालयको कक्षा छमा पढ्ने तीक्ष्ण विद्यार्थीमा गरिएको छ। यस अध्ययनमा प्राथमिक स्रोतको रुपमा छलफल,अन्तरक्रिया र सामान्य अन्तर्वार्तालाई लिइएको छ। अनुसन्धानपश्चात् शिक्षकले कक्षाकोठामा गराएको Daily new variety दैनिक फरक तरिकाको क्रियाकलाप नै तीक्ष्ण विद्यार्थी व्यवस्थापनको मुख्य आधार बनेको छ। सामाजिक शिक्षकले गराएको डि.एन.भी. क्रियाकलापले तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकेको अन्य विद्यार्थी पनि व्यस्थित भई सिकाइ वृद्धि भएको कुरा प्रमाणित भएको छ। कक्षाकोठामा डि. एन. भी. क्रियाकलाप गराएमा तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकिने कुरा यस लेखमा रहेको छ।*


**विशेष शब्द :** तीक्ष्णवद्यार्थी,व्यवस्थापन,कक्षाकोठा

## विषय प्रवेश

सिकारु भन्नासाथ सिक्ने व्यक्ति भन्ने बुझिन्छ । सिकाइमा सिकारु महत्वपूर्ण हुन्छ । सिकारु शिक्षण सिकाइको सन्दर्भमा पनि अग्र स्थानमा रहन्छ । सिकारुको सक्रियताले सिकाइलाई विशिष्ट बनाउँछ । कक्षाकोठामा तीन किसिमका विद्यार्थी हुन्छन् । ती हुन् तीक्ष्ण, औसत र निम्न : तीक्ष्ण विद्यार्थीको सिकाइको स्तर उच्च हुन्छ। उनीहरूको IQ १३० देखि १४० सम्म हुन्छ,एउटा पाठ पढाइसक्दा अर्को पाठ पढिसक्छन् र अत्यन्तै तेज हुन्छन्। शिक्षकलाई सहयोग पनि गर्छन्। यस्ता विद्यार्थीहरू कक्षामा १० देखि २० प्रतिशत हुन्छन् ( श्रेष्ठ ,बस्नेत , जी.सी., २०१९)

माथिको भनाइलाई स्पष्ट पार्न तीक्ष्ण विद्यार्थीको सिकाइको स्तर निम्न चित्रबाट स्पष्ट पार्न सकिन्छ




माथिको चित्रअनुसार तीक्ष्ण विद्यार्थीको सिकाइस्तर सय प्रतिशत रहेको छ । हल्का वैजनी रङले देखाएको छ । मध्यमस्तरका विद्यार्थीको सिकाइस्तर चालीस प्रतिशत रहेको छ। पहेँलो रङले देखाएको छ त्यसैगरी निम्न विद्यार्थीको सिकाइस्तर दश प्रतिशत रहेको छ। गाढा वैजनी रङले देखाएको छ।

कक्षाकोठामा तीक्ष्ण विद्यार्थी अव्यवस्थित हुने, हल्ला गर्ने, शिक्षकको कुरा नसुन्ने आफ्नो तीक्ष्ण दिमागलाई गलत ठाउँमा लगाउने जस्ता समस्याको कारण कक्षाकोठा समस्याग्रस्त बन्नु यो अनुसन्धानको समस्या रहेको छ। यो समस्यालाई समाधान गर्न यो सहभागितापूर्ण कार्यमूलक अनुसन्धान गनु जरुरी रहेको छ। यस अनुसन्धानको उद्देश्य कक्षाकोठाको सामाजिक सिकाइमा तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्नु हो। यही उद्देश्यलाई पुरा गर्न अनुसन्धानलाई अगाडि बढाइएको छ । तीक्ष्ण विद्यार्थी अन्य लेवलका विद्यार्थीभन्दा माथिल्लो लेवलका हुन्छन् । उनीहरूको सिकाइस्तर नै उच्च हुन्छ । अन्य मध्यम विद्यार्थी र निम्नस्तरको

विद्यार्थीलाई विषयवस्तु स्पष्ट पार्ने काम गर्दछन् । अरु साथीहरूलाई सहजकर्ताको भूमिका निर्वाह गर्दछन् । पढाउने विषयवस्तुको पनि तयारी गरेर विद्यार्थीलाई प्रस्तुतिकरण गरी स्पष्ट पार्दछन् ।उनीहरू सिर्जनात्मक स्वभावका हुन्छन् । शिक्षक र विद्यार्थी भनेका एक रथका दुई पाङ्ग्रा हुन् दुवै बिना कक्षाकोठा अधुरो अपुरो हुन्छ । कक्षाकोठालाई पूर्ण बनाउन तीन किसिमकै विद्यार्थीको व्यवस्थापन जरुरी हुन्छ । विशेष कक्षाकोठामा निम्न र मध्यमभन्दा पनि तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्नु जरुरी देखिन्छ । तीक्ष्ण विद्यार्थी अरु भन्दा सिकाइमा जहिल्यै पनि एक स्थान अगाडि नै हुन्छन् । नयाँ विषयवस्तुको जानकारी मात्र लिन चाहान्छन् । एउटा कक्षाकोठामा विभिन्न जात,भाषा, धर्म, संस्कृति, संस्कार विविध शारीरिक क्षमता, विविध मानसिक क्षमता, विविध रुचि र आवश्यकता भएका बालबालिकाहरू साझा उद्देश्यका साथ उपस्थित भएका हुन्छन् । यस्तो विविधतालाई एकै किसिमको शिक्षण विधिले र शिक्षकको व्यावहारले सिकारुलाई एउटै प्रक्रियाले न्याय दिँदैन । त्यसकारण यो विविधतालाई न्यूनिकरण गर्ने गरी शिक्षकले व्यवस्थापन गर्नुपर्दछ । शिक्षकले यो विविधतालाई व्यवस्थापन गर्न दिनदिनै नयाँ विचार सोचेर कार्यनीति गर्नै पर्छ । यो तीक्ष्ण विद्यार्थीमा गरिएको सहभागितापूर्ण कार्यमूलक अनुसन्धान हो । कक्षाकोठाको व्यवस्थापनलाई ध्यान नदिने हो भने विद्यार्थीहरू अव्यवस्थित हुन्छन् । सिकाइको मुख्य आधार भनेका नै विद्यार्थी वा सिकारु नै हुन् । यस अनुसन्धानले गर्दा तीक्ष्ण विद्यार्थी सक्रिय हुने, खुसी भएर पढ्न आउने, गलत ठाउँमा मन नलगाउने र पेशागत रुपमा पनि व्यावहारिक रुपबाट शिक्षालाई विधाको रुपमा परिभाषित गरिदिनेछ । बालमैत्री कक्षाकोठा बनाउन सहयोग गर्नेछ । यो तहका विद्यार्थीको व्यवस्थापन भएमा पेशा नै विशिष्ट हुन्छ ।

तीक्ष्ण विद्यार्थीको व्यवस्थापनलाई मध्येनजर राख्दै यो अनुसन्धान अगाडि बढाइएको छ । यस अनुसन्धानका लागि ललितपुरको वडा नं दशमा पर्ने नीजि विद्यालयको कक्षा छमा पढ्ने तीक्ष्ण विद्यार्थीलाई लिइएको छ । सर्वप्रथम यो छानिएको विद्यार्थी अत्यन्त तेज रहेको पाइएको छ । ऊ सामाजिक विषयमा एउटा पाठ पढाइसक्दा अर्को पाठको अभ्यास गरिसक्ने पाइएको छ । विषयवस्तु तीव्रदरमा सिक्ने विद्यार्थीको रुपमा पाइएको छ । एकपटक भनेको कुरा दोस्रो पटक सुन्न नै नचाहाने स्वभावको पाइएको छ । अन्य साथीभन्दा सिकाइमा धेरै अगाडि रहेको पाइएको छ । दिनदिनै नयाँ कुरा पाएमा मात्र शान्त रहने स्वभावको देखिएको छ अन्यथा व्यवस्थित नहुने (हल्ला गर्ने, नसुन्ने,अन्य विद्यार्थीलाई पनि सिकाइमा अवरोध गर्ने ) पाइएको छ । तीक्ष्ण विद्यार्थीको अवस्था हेरेर नै दिनदिनै नौलो र चुनौतीपूर्ण क्रियाकलाप गराउनु पर्ने देखिन्छ । कक्षाकोठामा हुने सामाजिक शिक्षाको सिकाइमा तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा शिक्षकको कस्तो भूमिका हुन्छ ? कस्ता क्रियाकलापको प्रयोगले तीक्ष्ण विद्यार्थीको व्यवस्थापन हुन्छ ? भन्ने प्रश्नले यो अनुसन्धानलाई अगाडि बढाएको छ । सामाजिक शिक्षा पढाउने शिक्षकले इन्टरभेन्सन एक्सन लिनु भएको छ । अनुसन्धानकर्ता आफैँले पनि एकदिने अन्तरक्रियामार्फत् तीक्ष्ण विद्यार्थीको इन्टरभेन्सन गर्नुभएको छ । यस अध्ययनको उद्देश्य कक्षाकोठामा तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्नु हो । यो गुणात्मक कार्यमूलक अनुसन्धानको ढाँचा विवरणात्मक र व्याख्यात्मक रहेको छ । नेपालको सन्दर्भमा भने पास प्रतिशत कसरी बढाउने र राम्रो रिजल्ट ल्याउने भन्ने कुरालाई मात्र जोड दिइएको पाइन्छ । कक्षामा पनि मध्यम विद्यार्थीलाई मात्र ध्यान दिइन्छ । तीक्ष्ण विद्यार्थीको ख्याल गरिँदैन त्यसैकारण तीक्ष्ण विद्यार्थी अव्यवस्थित भएको देखिन्छ । तीक्ष्ण विद्यार्थीलाई व्यवस्थित गर्न यो अनुसन्धान गर्नु जरुरी देखिएको छ ।

## सैद्धान्तिक पर्याधार

सिकाइको सिद्धान्त नै यस अनुसन्धानको सैद्धान्तिक पर्याधारको रुपमा खडा भएको छ । "तीक्ष्ण विद्यार्थीहरूले तीव्रदरमा सिक्न सक्छन् । उनीहरूलाई गृहकार्य र अन्य क्रियाकलाप गराएर पनि आलोचनात्मक ढङ्गबाट सोच्न र समस्या समाधान गर्ने सिपहरूको विकास गर्न सकिन्छ" (डिवे,१९३०) जोन डिवे शिक्षाको सुधारको अवधारणा र प्रयोगमा क्रान्तिकारी थिए । उनले आधुनिक शिक्षा प्रणाली सिर्जना गर्ने धेरै सुधारको विकास र अध्ययन गरेका थिए । ती सुधारमध्येको एक "प्रगतिशील शिक्षा"हो । यसैलाई जोन डिवे John Dewey Theroy भनी परिभाषित गरिएको छ । यो सिद्धान्तले शिक्षक र सिकारुबिचको सम्बन्धलाई महत्व दिन्छ,समय सापेक्ष व्यवहारिक शिक्षामा जोड दिन्छ,गरेर सिक्ने सिकाइलाई मुख्य जोड दिन्छ र व्यक्तिलाई वतावरणमा समायोजित हुन सिकाउँछ । आलोचनात्मक ढङ्गबाट सोच्न र समस्या समाधान गर्ने सिपहरूको विकास गर्न सकिन्छ । यो सिद्धान्तसँग तीक्ष्ण विद्यार्थीको सिकाइ जोड्न सकिन्छ किनकी तीक्ष्ण विद्यार्थी अत्यन्तै तेज भएको कारण तीव्र र प्रगतिशील सिकाइ गर्ने चाहाना देख्न सकिन्छ । यो सिद्धान्तले भनेअनुसार नै तीक्ष्ण विद्यार्थीले पनि सिक्ने चाहाना राखेको पाइन्छ । उक्त विद्यार्थीलाई व्यवस्थापन गर्न यो सिद्धान्तले सहयोग गर्ने रहेको देखिन्छ । शिक्षाका संरचना र लक्ष्य दुवै विषयलाई मध्येनजर राख्दै शिक्षण तरिकामा जोड दिने कुरा गरेका छन् ।"Education is life itself"(जोन डिवे,१९३०).कक्षाकोठामा उनको सिद्धान्तलाई प्रयोग गरी यो अनुसन्धान अगाडि बढाइएको छ ।

विद्यार्थीका नकारात्मक व्यावहारलाई पनि शिक्षकले सकारात्मक तरिकाले लिने हो भने कक्षाकोठा व्यवस्थित हुने पाइएको छ । यस अनुसन्धान प्रतिक्रिया र प्रशंसा,गल्तीसँग ह्यान्डलिङ,विद्यार्थीको प्रश्न,स्पष्ट संरचित पाठ,कक्षाकोठालाई आधार मानेर शिक्षकलाई शिक्षण गर्न लगाइएको छ । यदि शिक्षकले कक्षाकोठाको वातावरण,अपेक्षा,प्रेरणा र विधि यि तत्वको सही व्यवस्थापन गरेर सकारात्मक व्यावहार देखाएर शिक्षण गरेमा कक्षाकोठा व्यवस्थापन हुने पाइएको छ(सिबरर,नागल,२०१५) । माथिको अनुसन्धान अनुसार यदि शिक्षकले विद्यार्थीसँग उनीहरूको नकारात्मक व्यावहारलाई सकारात्मक सोचेर सही व्यवहार गर्ने हो भने कक्षाकोठा व्यवस्थापन गर्न सकिन्छ भन्ने निष्कर्ष आएको पाइन्छ । यस अनुसन्धानमा पनि शिक्षकले व्यवस्थापनका लागि सोधिएको प्रश्नलाई, व्यावहारलाई,गरिएको क्रियाकलापलाई सकारात्मक सोच्ने हो भने कक्षाकोठा व्यवस्थापन गर्न सकिने कुरा त छदैछ तर शिक्षकले यदि कक्षाकोठालाई दैनिक नयाँ विधि (कविता लेखन, खेल,कथा लेखन,चित्र बनाउने,भिडियो देखाउने गराएमा अझ व्यवस्थापनमा सहज हुने देखिन्छ ।

शिक्षक र विद्यार्थीबिचमा सम्बन्ध राम्रो भयो भने कक्षाकोठा व्यवस्थित हुने देखिन्छ । दुईबिचमा विश्वासको वातावरण हुनुपर्ने देखिन्छ । तीन तत्वहरु मुख्य रहेका छन् ती हुन् : Content विद्यार्थीमाझमा विषयवस्तु पस्किदा अन्य क्रियाकलाप गराएर कन्टेन्डमा टच हुने भन्ने कुरा देखाइएको छ । Conduct मा विद्यार्थीहरूको बानी व्यहोराहरूसँग जोडिएको छ उनीहरूसँग नजिक भएर जोडिने भन्ने कुरा देखाइएको छ । convenant मा विद्यार्थीहरूलाई कक्षाकोठामा एउटा समाज जस्तो अनुभव गराउने रहेको पाइन्छ । शिक्षकले विद्यार्थीसँग रहेर शिक्षण गरिरहँदा Motivation,discipline,Respect मा ध्यान दिँदा कक्षाकोठा व्यवस्थित भएको पाइन्छ(सन्थानम,२०२२)माथिको अनुसन्धानअनुसार विद्यार्थीहरूसँग विश्वासको वातावरण सिर्जना गर्ने र क्रियाकलाप केन्द्रित गर्ने हो भने कक्षाकोठा व्यवस्थापन गर्न सकिने कुरा त छदैछ तर विश्वासको वातावरण

सिर्जना गर्न र क्रियाकलाप केन्द्रित गर्न दैनिक फरक क्रियाकलाप गरेमा अझ कक्षाकोठाको सहज व्यवस्थापन गर्न सकिने देखिन्छ।

कक्षाकोठाको व्यवस्थापनमा शिक्षकले डर देखाएर मात्र हुँदैन, विद्यार्थी नियन्त्रण गर्ने मात्र होइन शिक्षकले त विद्यार्थीलाई यस्तो सहज वातावरण सिर्जना गरिदिनुपर्छ यस अनुसन्धानमा तीनओटा तत्वलाई मुख्य राखिएको छ Scheduling,अनुशासन,कुराकानी .विद्यार्थीहरू उपयुक्त वातावरणको कारण आफैँ व्यवस्थित हुन्छन् भन्ने कुरा देखाइएको छ (कासिमि, २०२१) माथिको अनुसन्धानले भनेअनुसार शिक्षकले कक्षाकोठा व्यस्थापन गर्न कराएर, डर देखाएर,थर्काएर हुँदैन उनीहरूलाई उपयुक्त र सही वातावरण सिर्जना गरिदिनुपर्छ आफैँ व्यवस्थित हुन्छन् भन्ने कुरा देखाइएको छ । यस अनुसन्धानमा पनि शिक्षकले तीक्ष्ण विद्यार्थीको कक्षाकोठाको सामाजिक शिक्षाको सिकाइमा व्यवस्थापन गर्दा डर नदेखाएकन उपयुक्त वातावरण सिर्जना गरिदिने त छदैछ तर दिनदिनै फरक तरिकाको क्रियाकलापले पनि कक्षाकोठा र तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकिने देखिन्छ।

"विद्यार्थीहरूका लागि शिक्षकले विद्यार्थीकेन्द्रित विधि प्रयोग गरी उनीहरूलाई रचनात्मक बनाउन सक्छ"(जिन पिगेट ) । साँच्चै नै यो सिद्धान्त पनि तीक्ष्ण विद्यार्थीका लागि प्रयोग गर्न सकिन्छ। उनीहरूलाई कक्षाकोठामा जतिसक्दो सहभागी गराएर इच्छा आकाङ्क्षा मर्न नदिइकन अगाडि बढाउन सकिन्छ । अघि बढाउनु भनेको उचित व्यवस्थापन हो। कक्षाकोठा व्यवस्थापनलाई शिक्षकले उपयुक्त वातावरण सिर्जना गर्ने काम हो भनेर परिभाषित गरेको छ । यस अनुसन्धानमा मौखिक निर्देशनको प्रयोगमा पहुँच गर्न र यसले विद्यार्थीको शैक्षिक अवस्थालाई कसरी सुधार गर्न सक्छ, निर्देशन पर्यवेक्षणको प्रयोगले विद्यार्थीहरूको शैक्षिक अवस्थालाई कसरी असर गर्न सक्छ, विद्यार्थीहरूलाई अख्तियारको प्रत्यायोजनले उनीहरूको शैक्षिक कार्य सम्पादनलाई कसरी असर गर्छ भनेर जाँच्ने उद्देश्य राखिएको छ । सर्वेक्षण, परिक्षणद्वारा संकलन गरिएको प्रभावकारी कक्षा व्यवस्थापनले रोचक, रमाइलो र उद्देश्यपूर्ण तरिकाले अध्ययन गर्न सक्षम बनाउँछ । कक्षाकोठा व्यवस्थापनलाई शिक्षकले उपयुक्त वातावरण सिर्जना गर्ने काम हो भनेर परिभाषित गरेको छ (जाम्बा र नरबु,२०२३)। माथिको अनुसन्धान अनुसार कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गरी विद्यार्थीको शैक्षिक प्रदर्शनमा सुधार गर्नका लागि विभिन्न क्रियाकलाप गराएर,निर्देशन र पर्यवेक्षण गरेर रमाइलो ढङ्गबाट शिक्षण गर्नु जरुरी देखिएको छ । कक्षाकोठा व्यवस्थापन भनेको उपयुक्त र सहज वातावरण सिर्जना गर्ने क्रियाकलाप रहेको पाइएको छ तर रमाइलो र सहज तरिकाको वातावरण सिर्जना गर्न दैनिक फरक तरिकाबाट गरेमा कक्षाकोठा र तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकिने देखिएको छ।

भिडियोको र भि. आरको प्रयोगमा तुलना गर्दा कुन चाहिँ प्रभावकारी हुने रहेछ भन्ने पत्ता लगाउन गरिएको यस अनुसन्धानमा अवलोकन र प्रश्नोत्तर विधिको प्रयोग गरिएको छ। यस अनुसन्धानबाट भिडियो प्रयोगभन्दा भि. आर.को प्रयोगले शिक्षक,विद्यार्थी दुवैलाई संज्ञानात्मक भार पर्ने देखिएको छ (हाङ, रिक्टर, क्लिकम्यान र रिक्टर, ड्रिल, २०२२) माथिको अनुसन्धानले विद्यार्थी भाइबहिनीको सिकाइमा भिडियो र भि.आर.टेक्नोलोजीको प्रयोगमध्ये कुनले चाहिँ विद्यार्थीले सिकाइमा सहज तरिकाले सिक्न सहयोग गर्छ भनेर गरिएको थियो माथिको अनुसन्धानको प्रयोगपश्चात् भि. आर. टेक्नोलोजीभन्दा भिडियोको माध्यमबाट नै विद्यार्थीहरूले सहज तरिकाले सिक्न सकेको पाइएको छ। भि. आर टेक्नोलोजीबाट संज्ञानात्मक भार महसुस गरेको पाइएको छ तर भिडियोबाट सहज तरिकाले सिकाइ भए पनि फरक क्रियाकलाप गराएमा विद्यार्थीको सिकाइ बढ्ने देखिन्छ र कक्षाकोठाका साथै तीक्ष्ण विद्यार्थी पनि व्यवस्थित हुने पाइन्छ।

यस अनुसन्धानमा कक्षाकोठाको व्यवस्थापनलाई ध्यान दिइएको छ। यो अनुसन्धानले कक्षा व्यवस्थापन गर्न शिक्षकको कक्षाकोठामा पढाउने नयाँ तरिका र विद्यार्थीको व्यावहारमा दिने प्रतिक्रियाले गर्ने रहेछ। कक्षाकोठाको व्यवस्थापन गर्नु उद्देश्य हो। कक्षाकोठाको व्यवस्थापन गर्न शिक्षक र विद्यार्थीबिचमा सकारात्मक सम्बन्ध हुनुपर्छ भन्ने प्रमाणित भएको छ। शिक्षक र विद्यार्थीबिचको व्यक्तिगत अन्तरक्रिया र समूहमा गरिएको छलफलले विद्यार्थीमा विश्वासको वातावरण सिर्जना हुन्छ त्यसपछि विद्यार्थी जिम्मेवारी हुन्छन् र कक्षा व्यवस्थित हुन्छ।

शिक्षकले सिपलाई मात्र जोड दिएर पढाउने हो भने कक्षामा विद्यार्थीले खराब आचरण देखाउन थाल्छ। शिक्षकले सिप भन्दा तरिकामा ध्यान दिनुपर्ने रहेछ भन्ने तथ्य प्रमाणित भएको छ ( Egeberg, H.M.,McConney,A.,and Price,A., 2016) । माथिको अनुसन्धानअनुसार कक्षाकोठा व्यवस्थापनमा शिक्षकले सिपलाई मात्र जोड दिएर पढाउन भन्दा पनि तरिकामा जोड दिएमा कक्षाकोठा व्यवस्थापन गर्न सकिन्छ यदि सिपलाई मात्र ख्याल गर्ने हो भने विद्यार्थीको व्यवस्थापन गर्न सकिँदैन तर विद्यार्थीहरूलाई पढाउँदा कक्षाकोठामा नयाँ तरिकाले शिक्षण गर्नु जरुरी हुने देखिन्छ।

विज्ञान विषय सिकाउन विद्यार्थीलाई सैद्धान्तिकभन्दा वागवानी क्रियाकलापमा जोड दियो भने सहज रुपमा सिक्नको साथै सिकाइलाई बढाउन सक्ने देखिएको छ। शिक्षण सिकाइसँग वागवानी क्रियाकलापलाई जोड्न सक्ने देखिएको छ। शिक्षकका साथै अभिभावकहरूले पनि एक्सन लिएर नानीहरूको क्रियाकलापमा प्रतिक्रिया दिन सक्ने देखिएको छ। (आचार्य,बुढाथोकी,बजोनेस र देवकोटा,२०२०) माथिको अनुसन्धानले सिकारु वा विद्यार्थीलाई वागवानी क्रियाकलाप गराएमा किताबमा पढाउनुपर्ने विषयवस्तुहरू सहज ढङ्गले बुझ्ने गर्छन्। रैथाने ज्ञानको विकास हुने देखिन्छ तर वागवानी क्रियाकलाप गराउँदा पनि दैनिक फरक ढङ्गबाट क्रियाकलाप गराएमा सिकाइमा बृद्धि गर्न सकिन्छ। कक्षाकोठा र तीक्ष्ण विद्यार्थीहरूलाई पनि दैनिक फरक तरिकाले वागवानी क्रियाकलाप गराएमा व्यवस्थापन गर्न सहज हुने देखिन्छ।

विद्यार्थीमा देखिएका हरेक समस्याहरु केही समयपश्चात् परिवर्तको सिद्धान्तअनुसार पहिले देखिएको भन्दा समाधान भएर परिवर्तित हुन्छन्। यस अनुसन्धानमा पहिलो लकडाउनभन्दा पछि विद्यार्थीहरू किन कक्षा छोड्ने र अनुपस्थित हुन्छन् भनेर गरिएको अनुसन्धानमा ७५ दिनसम्म कक्षा १२ लाई दैनिक दुई दिनको कक्षा तर दैनिक हाजिरी गरिएको देखिएको छ। शिक्षक,विद्यार्थी र अभिभावकबिचमा पनि दैनिकजसो कुराकानी भएको देखिन्छ। विद्यार्थीले सोधेको प्रश्नहरूलाई पनि तथ्यसहित उत्तर दिएको देखिएको छ। यो दैनिक रुपमा गरिएको साइकलले विद्यार्थीमा उपस्थितिको दर बढाएको पाइएको छ (त्रिपाठी,,२०२२ ) यस अनुसन्धानमा विद्यार्थीहरूसँग शिक्षक नजिक भएर क्रियाकलाप गराइएको छ,दैनिक हाजिरी लिइएको छ,विद्यार्थीले सोधेको प्रश्नको तथ्यसहित सही उत्तर दिइएको छ,समय समयमा शिक्षक,अभिभावक र विद्यार्थीबिचमा छलफल र अन्तरक्रिया गरिएको छ यस प्रक्रियाबाट वा दैनिक गरिएको साइकलले विद्यार्थीको उपस्थिति बढाएता पनि अझ विद्यार्थीहरूलाई दैनिक फरक तरिकाले फरक फरक क्रियाकलाप गराएमा कक्षाकोठामा उपस्थिति बढाउन र कक्षाकोठा पनि व्यवस्थापन गर्न सकिने देखिन्छ।

गणित शिक्षकले विद्यार्थीलाई गणितको डिफेन्सियल जोमेट्री भन्ने पाठ पढाउँदा DP र MAT test नमुनाको प्रयोग गरिएको पाइन्छ यि दुई मोडलमध्ये DP नमुनाबाट विद्यार्थीहरू प्रभावित व्यवस्थित भएको पाइएको छ (ढकाल, २०२२)। यस अनुसन्धानमा डिपी मोडलले डिजिटल पेडागोजीको प्रयोगले विद्यार्थीहरू प्रभावित र व्यवस्थित भएको पाइएता पनि कक्षाकोठामा एउटै मोडलको मात्र प्रयोग नगरी विविध मोडलको प्रयोग गर्दा अझ व्यवस्थित र प्रभावकारी कक्षाकोठा बनाउन सकिने देखिन्छ। यस अनुसन्धानले मुख्य रुपमा जोन डिवेको सिकाइ सिद्धान्तलाई नै जोड दिएको छ। उनकै तीव्र सिकाइको दर भन्ने कुरालाई आधार मान्दै अगाडि बढाइएको छ।

कक्षाकोठा व्यवस्थापन त हुन्छ तर शिक्षकहरूले तालिम पाउँदा पाउँदै पनि कक्षाकोठामा आफूले तालिम लिए अनुसार विद्यार्थीमाझ प्रयोग गर्न शिक्षकले मात्र नसकेको धेरै चुनौतीहरु सामना गर्नु परेको देखिएको छ। यदि व्यवस्थापन समिति, शिक्षकका साथै जिम्मेवार व्यक्ति लाग्ने हो भने मात्र कार्यान्वयन गर्न सकिने देखिएको छ (मण्डल, रामबाबु, २०१७)। यस अनुसन्धानमा पनि शिक्षकका साथै जिम्मेवार व्यक्ति लागेर मात्र ट्रेनिङका सिप कक्षाकोठामा प्रयोग गर्न सकेको पाइएको छ तर ट्रेनिङका सिपहरूलाई नयाँ ढङ्गबाट गराउने हो भने कक्षाकोठामा सहजै प्रयोग गर्न सकिने देखिन्छ र कक्षाकोठाका साथै तीक्ष्ण विद्यार्थीको व्यवस्थापन सहज हुने देखिएको छ।


**सामग्री विश्लेषणको ढाँचा**

कक्षाकोठामा देखिएको तीक्ष्ण विद्यार्थीको अव्यवस्थित अवस्थालाई तत्कालीन समाधान गर्न यस अनुसन्धानमा ३ ओटा चरणबाट आएका तथ्यलाई थिम तयार गरी व्याख्या र विश्लेषण गर्ने काम गरिएको छ।

**विधि : हस्तक्षेपको पद्धतिको ढाँचा :**

यो कार्यमूलक अनुसन्धानमा गोदावरी दश ललितपुरमा अवस्थित नीजि विद्यालयमा सामाजिक शिक्षा पढाउने शिक्षकले इन्टरभेन्सनको रुपमा कक्षा छमा पढ्ने विद्यार्थी (तीक्ष्ण विद्यार्थी) को व्यवस्थापनका लागि गरिएको प्रभावकारी र दिनदिनको नौलो एक महिना लामो क्रियाकलाप डी. एन. भी.को तीन चरण नै हस्तक्षेप पद्धतिको ढाँचा बनेको छ । यस कार्यमूलक अनुसन्धानमा शिक्षकले तीक्ष्ण विद्यार्थीको सही व्यवस्थापन गरेको कुरामा निहित छ। यस अनुसन्धानमा तीन चरणहरु रहेका छन्। पहिलो चरण पूर्वक्रियाकलापको चरण,दोस्रोमा क्रियाकलापको चरण र तेस्रोमा क्रियाकलापपश्चात्को चरण रहेका छ।

यस अनुसन्धानका लागि छानिएको कक्षाकोठा



माथिको चित्रअनुसार यस अनुसन्धानका लागि छानिएको कक्षाकोठामा तीक्ष्ण विद्यार्थी बीस प्रतिशत जसलाई पहेँलो रङले देखाएको छ। औसत विद्यार्थी साठी प्रतिशत रहेका छन् जसलाई सुन्तला रङले देखाएको छ त्यसैगरी निम्न सिकाइ क्षमता भएका विद्यार्थी बीस प्रतिशत रहेका छन् जसलाई नीलो रङले देखाएको छ।


पहिलो चरणमा : यस चरणमा कक्षाकोठामा क्रियाकलापहरू कसरी गर्ने, के गर्ने,भन्ने योजना रहेको छ। सामाजिक शिक्षक र अनुसन्धानकर्ताबिचमा छलफल र कुराकानी भएको छ। सामाजिक विषयमा संस्कृति सम्बन्धी पाठ रहेको कारण दैनिक कक्षाकोठामा रैथाने ज्ञान जोड्दै डि.एन.भी. (Daily New Variety)को प्रयोग गर्ने भन्ने विषयमा योजना बनेको छ।

दोस्रो चरणमाः यो चरणलाई क्रियाकलापको चरणको रुपमा लिइएको छ । सामाजिक शिक्षकद्वारा कक्षाकोठामा डि. एन. भी. क्रियाकलाप गराइएको छ। यो क्रियाकलाप अन्तर्गत दैनिक रुपमा लगातार एक महिनासम्म कथा भन्न र लेख्न,कविता भन्न र लेख्न,भिडियो देखाउने,समूहमा खेल खेलाउने,चौरमा लगेर पढाउने,चित्र बनाउन लगाउने, निश्चित समय दिएर समस्या समाधान गर्न दिने,विषयवस्तु भन्दा बाहिरका समस्या पनि दिने,कहिले जटिल कहिले सरल समस्या समाधान गर्न दिने जस्ता फरक, नयाँ र चुनौतीपूर्ण क्रियाकलाप गर्न लगाइएको छ। उनीहरूमाभमा नजिक भएर साथीको जस्तो सम्बन्ध बनाएर शिक्षण गरिएको छ। यस चरणमा गराएको क्रियाकलाप तीक्ष्ण विद्यार्थीलगायत सम्पूर्ण विद्यार्थीमा गराइएको छ। कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा रहेको रैथाने ज्ञान कथा,कविता,चित्र स्थानीयता जोडिएर निस्केको पाइएको छ ।

तेस्रो चरणः यो क्रियाकलापपश्चात्को (अवलोकन पश्चात्) चरण हो । यस चरणमा सामाजिक शिक्षकले गराएका क्रियाकलापबाट तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा आएको परिवर्तन देखाइएको छ । हिजोसम्म हल्ला गर्ने तीक्ष्ण विद्यार्थी आज उत्साहित भएर बस्न थालेको पाइएको छ । साथीहरूको संस्कृति, चाडपर्व मनाउने तरिका जान्ने इच्छाशक्ति बढेर आएको पाइएको छ । कुन कुन कविता कथा रचना गरेर भन्ने होला भनेर सोच्न थालेको पाइएको छ आज सामाजिक शिक्षकले के गराउनु हुन्छ भनी कौतुहलता बढ्न थालेको पाइएको छ । सामाजिक शिक्षाका विषयवस्तुमा जानकारी भए पनि क्रियाकलापको लागि शान्त भएर बस्न थालेको पाइएको छ।

"शैक्षणिक विधि विषयवस्तुका लागि सामान्यीकरण गरिने त्यस्तो योजना,जसमा शैक्षिक संरचना,शैक्षिक लक्ष्यहरु अनुरुपको सिकारुको इच्छित व्यवहार र शिक्षण तरिकाहरूको रुपरेखा समावेश हुन्छ र यिनीहरुको (शैक्षणिक विधिका) कार्यान्वयनमा जरुरी पर्दछ" (बी. बी.,स्ट्रेसर) । बी. बी. स्टेसरका अनुसार विधिले कक्षाकोठामा रहेका जस्तोसुकै समस्याको सामान्यीकरण गरी व्यवस्थापन गर्न सकिने कुरामा जोड दिएका छन्। शिक्षाका संरचना र लक्ष्य दुवै विषयलाई मध्येनजर राख्दै शिक्षण तरिकामा जोड दिने कुरा गरेका छन्। उनकै कुरालाई आधार मान्दै कक्षाकोठामा फरक विधिको प्रयोग गर्दा व्यवस्थापन गर्न सकिने देखिएको छ।

**एकदिने अन्तरक्रियात्मक कार्यक्रम**




यो कार्यक्रम अनुसन्धानकर्ता, अग्रज विद्यार्थी र अवलोकनकर्ताले मिलेर गराइएको छ । यो क्रियाकलापमा पनि तीक्ष्ण विद्यार्थी सक्रिय भएर लागेको पाइएको छ । विविध धर्म मान्ने मानिसहरु जाने धार्मिक स्थलको चित्र समूहमा बनाउन लगाउँदा अत्यन्तै खुसी भएको पाइएको छ। विशेष गरी तीक्ष्ण विद्यार्थी अगाडि गएर समूहमा प्रस्तुतिकरण गरेको छ । कक्षा छमा गर्ने भन्दा माथिको कक्षामा गर्ने जस्तो प्रस्तुतिकरण गरेको पाइएको छ । “आदत ज्ञान र अभिवृत्तिहरुको प्राप्ति नै सिकाइ हो” (क्रो एण्ड क्रो)। अनुसन्धानकर्ता आफैँ चकित पर्नु भएको छ। ऊ प्रस्तुतिकरणबाट एकदम उत्साहित भएर व्यवस्थित भएको पाइएको छ। एक समूहले अर्को समूहलाई धार्मिक विविधताका बारेमा धेरै रैथाने ज्ञानलाई चित्रका माध्यमबाट संस्कृति आदानप्रदान गरेको पाइएको छ ।

**सहभागी प्रक्रिया : कार्य चक्रको अभ्यास :**

यस अनुसन्धानमा ३ ओटा चक्रहरुबाट उपलब्धि प्राप्ति भएको छ। सहभागी, क्रियाकलाप,उद्देश्यबाट योजना, प्रस्तुतिकरण र प्रतिबिम्बबाट यो अध्ययनको चक्र पुरा भएको छ।

| सहभागी | क्रियाकलाप | उद्देश्य |
|---|---|---|
| तीक्ष्ण विद्यार्थी कक्षा ६ | हरेक दिन रैथाने ज्ञानलाई उनले नयाँ ढङ्गले कथा, कविता, चित्रकला समूहमा सहभागी भएर लेख्ने र सुनाउने गरेका छन्। | तीक्ष्ण विद्यार्थी नयाँ ढङ्गको क्रियाकलाप गर्न र साथीहरूको हेर्न, सुन्न उत्साहित भएर व्यवस्थित तरिकाले बस्नु। |
| सामाजिक शिक्षक | एक महिना लामो डि. एन. भी. तीक्ष्ण विद्यार्थीलाई दिनदिनै नवीन फरकफरक क्रियाकलाप गराउनु भएको छ। | तीक्ष्ण विद्यार्थीको सहज ढङ्गले व्यवस्थापन गर्नु भएको छ। |
| अनुसन्धानकर्ता र विद्यार्थी | एक दिने अन्तरक्रियात्मक क्रियाकलाप कक्षामा विभिन्न धर्म मान्ने मानिसहरू जाने ठाउँको चित्र बनाएर प्रस्तुतिकरण गर्न लगाउनु। | तीक्ष्ण विद्यार्थीको व्यवस्थापन पक्ष सहज ढङ्गबाट भएको पाइएको छ। |

यस अनुसन्धानमा ४ जना सहभागीहरू हुनुहुन्छ । ४ जना मध्ये ३ जनाको एक्सन रहेको छ । अनसन्धानको फोकस ग्रुपमा भन्दा एउटा व्यक्ति तीक्ष्ण विद्यार्थीमा गरिएको छ।"शैक्षणिक विधि विषयवस्तुका लागि सामान्यीकरण गरिने त्यस्तो योजना, जसमा शैक्षिक संरचना, शैक्षिक लक्ष्यहरु अनुरुपको सिकारुको इच्छित व्यावहार र शिक्षण तरिकाहरुको रुपरेखा समावेश हुन्छ र यिनीहरूको शैक्षणिक विधिको कार्यान्वयनमा जरुरी पर्दछ।" ( बी.बी.स्ट्रेसर) बी. बी. स्ट्रेसरका अनुसार विधिले कक्षाकोठामा रहेका जस्तोसुकै समस्याको सामान्यीकरण गरी व्यवस्थापन गर्न सकिने कुरामा जोड दिएका छन् । शिक्षाका संरचना र लक्ष्य दुवै विषयलाई मध्येनजर राख्दै शिक्षण तरिकामा जोड दिने कुरा गरेका छन् । उनकै कुरालाई आधार मान्दै कक्षाकोठामा दैनिक फरक विधि प्रयोग गरिएको छ। तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा डी. एन. भी .र स्थानीयताले व्यवस्थापनको लागि अग्र भूमिका खेलेको छ।

**तथ्याङ्क विश्लेषणमा एक्सन डाटा**

उपकरणबाट प्राप्त भएका सूचना तथा तथ्याङ्क सङ्कलन गरिसकेपछि ती सूचनाको व्याख्या तथा विश्लेषण गर्ने कार्य गरियो । यो डाटा विश्लेषणमा एक महिनाको समय अवधि थियो यो अनुसन्धान तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा निहित हुने हुनाले तीक्ष्ण विद्यार्थीलाई नै केन्द्रबिन्दुमा राखिएको छ । यो अनुसन्धानबाट तीक्ष्ण विद्यार्थीलाई असर नपरोस् भनेर थाहा दिइएन । अन्य विद्यार्थीहरूलाई पनि तीक्ष्ण विद्यार्थीको मात्र वास्ता गरेको नदेखियोस् भनेर क्रियाकलाप गराउँदा सबै विद्यार्थीलाई सहभागी गराइएको छ। यस अनुसन्धानमा अनुसन्धानकर्ताबाट एकदिने अन्तरक्रियात्मक कार्यक्रममा छलफल गरिएको छ । यस छलफलको भिडियो बनाइएको छ। यो भिडियोमा भनेका कुराहरूलाई जस्ताको तस्तै उतारिएको छ। यस अनुसन्धानमा एक महिना लामो इन्टरभेन्सन गरिएको छ। इन्टरभेन्सनबाट प्राप्त परिमाणलाई नै विश्लेषण गरिएको छ। यस अनुसन्धानमा यी शब्दहरूलाई मानकीकरण वा कोडिकरण गरिएको छ : तीक्ष्ण विद्यार्थी, सिकारु ,क्रियाकलाप,व्यवस्थापन र ,डि.एन.भी. हुन् । त्यसै गरी अनुसन्धानकर्ता,सामाजिक शिक्षक र अग्रज विद्यार्थी हुन् । यिनै आधारबाट यो अनुसन्धानको उद्देश्य पुरा भएको छ। सामाजिक शिक्षा पढाउने शिक्षकलाई इन्टरभेन्सनको रुपमा लिइएको छ। सामाजिक शिक्षकद्वारा एक तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न डी. एन. भी. र स्थानीयता जोडेर क्रियाकलाप गराइएको छ।

यस अनुसन्धानमा सम्भावित इन्टरभेन्सनको रुपमा तीक्ष्ण विद्यार्थीलाई खेल खेलाएर मात्र पनि परिवर्तन ल्याउन सकिन्थ्यो, भिडियो देखाएर मात्र पनि परिवर्तन ल्याउन सकिन्थ्यो,तीक्ष्ण विद्यार्थीको प्रतिक्रियालाई सकारात्मक रुपबाट लिएर पनि परिवर्तन ल्याउन सकिन्थ्यो,ऊसँग मित्रवत् व्यावहार गरेर पनि परिवर्तन ल्याउन सकिन्थ्यो यस्तै एक एक विधि मात्र प्रयोग गरेर मात्र पनि परिवर्तन ल्याउन सकिन्थ्यो तर केही समयको लागि मात्र तीक्ष्ण विद्यार्थी व्यवस्थित गर्न सकिन्थ्यो । यिनै कारणहरुले गर्दा डि. एन. भी. दैनिक नयाँ तरिका कक्षाकोठामा प्रयोग गर्नु पर्ने देखिएको कारणले यस अनुसन्धानमा डि.एन. भी. लाई नै छानिएको हो।

तीक्ष्ण विद्यार्थीलाई केन्द्रबिन्दुमा राखेर२०७९ फागुण महिनामा गरिएको सहभागितापूर्ण कार्यमूलक अनुसन्धान हो। यस अध्ययनमा सहभागी विद्यार्थी कक्षा छको तीक्ष्ण विद्यार्थीलाई लिइएको छ तर समग्र कक्षा ६मा गरिएको छ। यो फागुण महिनाभरि गरिएको अनुसन्धान हो। यस अनुसन्धानले विद्यार्थी केन्द्रित विधि दिनदिनै फरक फरक प्रयोग गरेमा तीक्ष्ण विद्यार्थी व्यवस्थित गर्न सकिने देखिएको छ। विषयवस्तुसँग

सम्बन्धित गराएर डि. एन.भी. र स्थानीयताको प्रयोग कथा लेख्न, भन्न,कविता लेख्न र भन्न, चित्र बनाउन,कठिन प्रश्नहरु समाधान गर्न, गुगल सर्च गर्न, लग बुक भर्न, लगाउँदा विद्यार्थी व्यवस्थित गर्न सकिने पाइएको छ। माघ महिनामा तीक्ष्ण विद्यार्थी अव्यवस्थित भएको पाइएको छ। उसको लागि कुनै पनि नयाँ र फरक क्रियाकलाप गरिएको थिएन । ऊ कक्षामा हल्ला मात्र गरेर बसेको पाइएको छ।ऊ अव्यवस्थित भएको पाइएको छ। उसको तीक्ष्णताको ख्याल गरिएको छैन । मध्यम स्तरका विद्यार्थीलाई मात्र ख्याल गरिएको छ। फागुण महिनामा ऊ व्यवस्थित भएको छ। उसका लागि सामाजिक पढाउने शिक्षकद्वारा दिनदिनै फरक फरक डि.एन. भी.क्रियाकलाप गराइएको छ। दिनदिनैको फरक क्रियाकलापले ऊ सिर्जनात्मक, व्यवस्थित र खुसी बनेको पाइएको छ।

**खोज उपलब्धि र नतिजाहरु**

जोन डिवेको सिद्धान्तबाट प्रभावित भएर अगाडि बढेको यो अनुसन्धान डी.एन. भी. विधिको प्रयोगलाई कक्षाकोठामा तीक्ष्ण विद्यार्थी लगायत सम्पूर्ण विद्यार्थीलाई सहभागी गराएर गरेको प्रयोगले राम्रो नतिजा देखाएको छ। यस अनुसन्धानलाई अझ अर्थपूर्ण बनाउन निम्न थिमको तयार गरिएको छ :

**तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा डि.एन.भी. र स्थानीयता :**

शिक्षण विधि र प्रविधिको प्रयोगले शिक्षण प्रभावकारी हुन्छ। यी पक्षको गहिरो सम्बन्ध रहन्छ। यो एक महिना लामो अनुसन्धान हो। जुन अनुसन्धान तीक्ष्ण विद्यार्थीमा गरिएको छ। तीक्ष्ण विद्यार्थीको व्यवस्थापनमा सामाजिक शिक्षकद्वारा डि.एन.भी.प्रयोग गर्दै स्थानीय ज्ञानलाई वा विद्यार्थीमा रहेको मौलिकतालाई क्रियाकलापद्वारा निकालिएको छ। यि क्रियाकलापबाट तीक्ष्ण विद्यार्थीको व्यवस्थापन भएको पाइएको छ।

**शिक्षकको प्रतिक्रिया :**

सामाजिक शिक्षकले गराइएका दैनिक नयाँ क्रियाकलापले तीक्ष्ण विद्यार्थी व्यवस्थित भएको पाइएको छ । यस्ता क्रियाकलाप गराएपछि त्यो विद्यार्थी खुसी भएर कक्षामा बसेको पाइएको छ। यी सम्पूर्ण क्रियाकलापपश्चात् तीक्ष्ण विद्यार्थीमा परिवर्तन आएको पाइएको छ। सधैँ हल्ला गरेर बस्ने विद्यार्थी ध्यान दिएर उत्सुक भएर बस्न थालेको पाइएको छ । विगतमा अन्य विषयमा मात्र ध्यान दिने (गलत कुरामा) विद्यार्थी विषयवस्तुमा केन्द्रित भई लाग्न थालेको पाइएको छ। शिक्षकहरूको शिक्षणमा वास्ता नगरी गलत आचरण देखाउने तीक्ष्ण विद्यार्थी सामाजिक शिक्षकको यो फरक क्रियाकलापले व्यवस्थित भएको छ। विषयवस्तु नयाँ नभए पनि क्रियाकलाप नवीन भएर होला सामाजिक विषय पढ्दा रमाउन थालेको पाइएको छ । रैथाने ज्ञानको बढीभन्दा बढी प्रयोग गरेको पाइएको छ। तीक्ष्ण विद्यार्थी व्यस्थापनमा शिक्षकले नै नयाँ तरिका सोच्नु पर्ने रहेछ भन्ने कुरा पाइएको । शिक्षकको दिनहुँ गरिएको नवीन प्रस्तुतिकरणले नै व्यवस्थापन भएको पाइएको छ। जसरी हामी मानव एकै किसिमको खानेकुरा खान,एकै किसिमको लुगा लगाउन,मन पराउँदैनौँ त्यसैगरी तीक्ष्ण विद्यार्थी पनि एकैकिसिमको क्रियाकलाप भन्दा पनि तीक्ष्ण विद्यार्थीलाई फरक स्वाद चाहिने रहेछ अनि व्यवस्थित हुन्छ भन्ने कुरा सामाजिक शिक्षककातर्फबाट आएको पाइएको छ। कक्षा छमा पढ्ने सानो बाह वर्षको विद्यार्थीलाई अरु ठूलो तहमा अध्ययन गर्ने कक्षा आठ,नौ मा पढ्ने विद्यार्थीकै स्तरमा राखेर विषयवस्तुसँग सम्बन्धित कठिन प्रश्नहरुको उत्तर खोज्न लगाइएको छ। विषयवस्तुसँग थप कुराहरु पनि

खोज्न दिइएको छ। शिक्षकले भर्ने लग बुक भर्न लगाइएको छ। सामाजिक शिक्षकले दिनहुँ नयाँ क्रियाकलाप सोचेर जानुपरेको छ । सामाजिक शिक्षाका विषयवस्तुसँग सम्बन्धित गराएर कहिले कथा भन्न लगाइएको छ। कहिले कविता सिर्जना गरेर वाचन गर्न लगाइएको छ। अर्को दिन आफ्नो अनुभव विषयवस्तुसँग सम्बन्धित गराएर भन्न लगाइएको छ। यस्ता क्रियाकलाप गराउँदा स्थानीय संस्कृति,रहनसहन रैथाने ज्ञान पाइएको छ। सामाजिक विषय भएको कारण संस्कृति जोडिएको छ। संस्कृतिसँग सम्बन्धित गराएर चित्र बनाउन लगाइएको छ। तीक्ष्ण विद्यार्थीलाई विषयवस्तुको ज्ञान भए पनि विविध धर्म मान्ने मानिसहरूले भक्ति र श्रद्धा गर्न जाने मन्दिर, गुम्वा,मस्तिज र चर्चको चित्र बनाउनु नयाँ र नौलो लागेको छ । त्यसकारण ऊ व्यवस्थित भएर बसेको पाइएको छ । फरक फरक समुदायका मानिसहरूको बसोबास भएका कारण त्यो कक्षा छमा पढ्ने विद्यार्थीहरू पनि फरक फरक समुदायका नै छन् । उनीहरुको फरक फरक धर्म रितिरिवाज चालचलनलाई एकअर्कामा सुनाउन लगाएर विषयवस्तुसँग जोडिएको छ। तीक्ष्ण विद्यार्थीले कक्षामा फरक स्वाद खोज्ने रहेको पाइएको छ जसबाट विषयवस्तुको ज्ञान भए पनि फरक क्रियाकलापको ज्ञान बटुल्न उत्साहित भएको छ। अन्य विद्यार्थीले पनि विषयवस्तु सहज ढङ्गबाट बुझेका छन् । तीक्ष्ण विद्यार्थीलाई पनि व्यवस्थापन गर्न सजिलो भएको छ । विद्यार्थीहरूले एकआपसमा छलफल गरेका कथाहरूले गर्दा विविध संस्कृतिको ज्ञान बढेको पाइएको छ। स्थानीय स्तरको ज्ञानलाई नवीन ढङ्गबाट विषयवस्तुमा जोड्ने हो भने तीक्ष्ण विद्यार्थीलाई कक्षाकोठामा व्यवस्थित गर्न सकिने पाइएको छ।

**तीक्ष्ण विद्यार्थीमा आएको परिवर्तन :**

डि. एन. भी. शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीमा परिवर्तन ल्याउने रहेछ भन्ने कुरा चरितार्थ भएको छ। कक्षा छमा पढ्ने तीक्ष्ण विद्यार्थीमा आएको परितर्वनले यो अनुसन्धानलाई सार्थक बनाएको छ। तीक्ष्ण विद्यार्थी सक्रिय भएर क्रियाकलापमा लाग्न थालेको देखिएको छ। खुसी भएर विद्यालय आउन थालेको पाइएको छ। जानेकै विषयवस्तुमा पनि संस्कृतिको ज्ञानलाई सिर्जनात्मकतासँग जोड्न थालेको पाइएको छ । रैथाने ज्ञानलाई कथा कविता डि. एन. भी. क्रियाकलापका माध्यमबाट एकआपसमा बाड्न थालेर व्यवस्थित भएको पाइएको छ। खोजी गर्ने र उत्साहित हुने बानीको विकास भएको पाइएको छ। सामाजिक शिक्षाको कक्षामा तीक्ष्ण विद्यार्थी व्यस्थित भएको पाइएको छ । उसको व्यवस्थापनको पक्ष विविध नवीन क्रियाकलाप नै भएको पाइएको छ । तीक्ष्ण विद्यार्थी मनोवैज्ञानिक रुपबाट हेर्दा पनि निकै हसिलो र खुसिलो देखिएको छ । उसको वैचारिक परिवर्तनसँगै व्यवहारिक परिवर्तन पनि देखिएको छ । एक महिना अगाडिसम्म अव्यवस्थित रहेको विद्यार्थी आजका दिनका नयाँ क्रियाकलापका लागि आतुर भएर व्यवस्थित बन्न थालेको छ । कक्षामा सामाजिक शिक्षक आउनु भन्दा अगाडि कतिखेर आउनु हुन्छ भन्दै उत्साहित हुन थालेको पाइएको छ किनकी सामाजिक शिक्षक आएपछि उसले नवीन क्रियाकलाप गर्न पाउँछ । क्रियाकलापको रोचक र प्रभावकारी प्रस्तुतिबाट पहिचानात्मक क्षमताको पनि विकास भएको पाइएको छ। ऊ झन भन्दा झन तिखारिन थालेको पाइएको छ । अन्य साथीहरूलाई पनि सामाजिक सिकाइका क्रममा सहयोग गर्न थालेको छ । कथा भन्न लगाउने बानीले उसमा सुन्ने,बोल्ने, पढ्ने र लेख्ने क्षमताको विकास हुन थालेको पाइएको छ । यसकारण पनि उसको व्यवस्थापन प्रभावकारी भएको छ ।

**अन्य विद्यार्थीको प्रभावकारी व्यवस्थापन र सिकाइ क्षमता बृद्धि :**

डी. एन भी. र स्थानीयताको प्रयोगले तीक्ष्ण विद्यार्थीको व्यवस्थापनका साथै अन्य विद्यार्थीको पनि व्यस्थापन भएको पाइएको छ। सबै विद्यार्थीको सिकाइ क्षमतामा बृद्धि भएको पाइएको छ। विद्यार्थीहरू डी. एन. भी. प्रयोगले खुसी भएको, अन्तरक्रियात्मक क्षमताको विकास भएको दैनिक गराइएका विविध क्रियाकलापले परीक्षाफलमा बृद्धि भएर सिकाइमा बृद्धि भएको पाइएको छ।

**छलफल**

तथ्याक विश्लेषणका तीक्ष्ण विद्यार्थीको व्यवस्थापन डी. एन. भी. र सहभागीको विचार नै महत्त्वपूर्ण रहेको छ। यस अनुसन्धानमा सामाजिक शिक्षकको भूमिका महत्वपूर्ण रहेको छ। इन्टरभन्सनको रुपमा प्रयोग गरेको डी.एन.भी र स्थानीयताले राम्रो परिणाम ल्याएको पाइएको छ।

विद्यार्थीहरूलाई अख्तियारको प्रत्यायोजनले उनीहरूको शैक्षिक कार्य सम्पादनलाई कसरी असर गर्छ भनेर जाँच्ने उद्देश्य राखिएको छ। सर्वेक्षण, परिक्षणद्धारा संकलन गरिएको प्रभावकारी कक्षा व्यवस्थापनले रोचक, रमाइलो र उद्देश्यपूर्ण तरिकाले अध्ययन गर्न सक्षम बनाउँछ। कक्षाकोठा व्यवस्थापनलाई शिक्षकले उपयुक्त वातावरण सिर्जना गर्ने काम हो भनेर परिभाषित गरेको छ। (जम्बा,नरबु,२०२३)माथिको अनुसन्धान अनुसार कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गरी विद्यार्थीको शैक्षिक प्रदर्शनमा सुधार गर्नका लागि विभिन्न क्रियाकलाप गराएर, निर्देशन र पर्यवेक्षण गरेर रमाइलो ढङ्गबाट शिक्षण गर्नु जरुरी देखिएको छ तर माथिको अनुसन्धानमा दैनिक फरक क्रियाकलाप गराउने हो भने अझ सिकाइ उद्देश्यपूर्ण हुने र सहज व्यवस्थापन हुने देखिन्छ। कक्षाकोठा व्यवस्थापन भनेको उपयुक्त र सहज वातावरण सिर्जना गर्ने क्रियाकलाप रहेको पाइएको छ। यस अनुसन्धानमा पनि तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न रमाइलो,सहज तरिकाबाट डि.एन.भी.र स्थानीयताको प्रयोग र क्रियाकलाप गराएर व्यवस्थापन गर्न सकिने देखिएको छ।

यदि शिक्षकले classroom climate,expectations,motivations and methods यि तत्वको सही व्यवस्थापन गरेर सकारात्मक व्यवहार देखाएर शिक्षण गरेमा कक्षाकोठा व्यवस्थापन हुने निष्कर्ष पाइएको छ (सिबरर,नागल,२०१५)। माथिको अनुसन्धानअनुसार यदि शिक्षकले विद्यार्थीसँग उनीहरूको नकारात्मक व्यावहारलाई सकारात्मक सोचेर सही व्यावहार गर्ने हो भने कक्षाकोठा व्यवस्थापन गर्न सकिन्छ भन्ने निष्कर्ष आएको पाइन्छ। यस अनुसन्धानमा पनि शिक्षकले तीक्ष्ण विद्यार्थीलाई डि.एन.भी.र स्थानीयतालाई जोड दिएर नै तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकिएको निष्कर्ष आएको छ। यो अनुसन्धानमा पनि माथिको जस्तै उनीहरूको नकारात्मक व्यावहारलाई सकारात्मक सोचेर गर्ने हो भने कक्षाकोठाको व्यवस्थापन केही समयको लागि मात्र हुन्छ त्यसैले दीर्घकालीन कक्षा व्यवस्थापनका लागि डि. एन. भी. नै प्रयोग गर्नु जरुरी देखिएको छ।

शिक्षक र विद्यार्थीबिचमा सम्बन्ध राम्रो भयो भने कक्षाकोठा व्यवस्थित हुने देखिन्छ। दुईबिचमा विश्वासको वातावरण हुनुपर्ने देखिन्छ। यस अनुसन्धानमा तीन तत्वहरु मुख्य रहेका छन् ती हुन् : Content विद्यार्थीमाझमा विषयवस्तु पस्किदा अन्य क्रियाकलाप गराएर कन्टेन्डमा टच हुने भन्ने कुरा देखाइएको छ। Conduct मा विद्यार्थीहरुको बानी व्यहोराहरुसँग जोडिएको छ उनीहरुसँग नजिक भएर जोडिने भन्ने कुरा

देखाएको छ । convenant मा विद्यार्थीहरूलाई कक्षाकोठामा एउटा समाज जस्तो अनुभव गराउने रहेको पाइन्छ । शिक्षकले विद्यार्थीसँग रहेर शिक्षण गरिरहँदा Motivation,discipline,Respect मा ध्यान दिँदा कक्षाकोठा व्यवस्थित भएको पाइन्छ (सन्थानाम, २०२२) माथिको अनुसन्धानअनुसार विद्यार्थीहरूसँग विश्वासको वातावरण सिर्जना गर्ने हो भने कक्षाकोठा व्यवस्थापन गर्न सकिने,विषयवस्तु बुझाउँदा क्रियाकलाप केन्द्रित गराए व्यवस्थित हुने निष्कर्ष आएको पाइन्छ तर माथिको अनुसन्धानमा पनि डि. एन. भी को प्रयोग गर्न सके दीर्घकालीन व्यवस्थापन र सिकाइ हुने देखिन्छ । यस अनुसन्धानमा पनि शिक्षकले कक्षाकोठामा डि.एन.भी. र स्थानीयता जोडेर नै तीक्ष्ण विद्यार्थीको सहज व्यवस्थापन गर्न सकिने देखिएको छ। एकै तरिकाबाट मात्र कक्षाकोठा दीर्घकालीन व्यवस्थापन गर्न नसकिने कारण यो अनुसन्धान गर्नु जरुरी देखिएको छ।

यस अनुसन्धानमा तीनओटा तत्वलाई मुख्य राखिएको छ Scheduling, Discipline, commucation विद्यार्थीहरु उपयुक्त वातावरणको कारण आफैँ व्यवस्थित हुन्छन् भन्ने कुरा निष्कर्षको रुपका आएको पाइन्छ (कासिमि, २०२१)। माथिको अनसन्धानमा पनि दैनिक फरक विधि प्रयोग गरी तीन तत्वलाई मात्र ध्यान नदिने हो भने अझ लामो समयसम्म कक्षाकोठा प्रभावकारी व्यवस्थापन हुने देखिएको छ । यस अनुसन्धानमा चाहिँ शिक्षकले डि.एन.भी र स्थानीयता प्रयोग गरे तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकिने देखिएको छ।

कक्षाकोठाको सिकाइमा भिडियो प्रयोगभन्दा भि. आर.को प्रयोगले शिक्षक, विद्यार्थी दुवैलाई संज्ञानात्मक भार पर्ने देखिएको छ। कक्षामा भिडियोको प्रयोग नै प्रभावकारी हुने रहेछ। (हाङ,रिक्टर,क्लिकम्यान र रिक्टर, ड्रिल, २०२२) माथिको अनुसन्धानले विद्यार्थी भाइबहिनीको सिकाइमा भिडियो र भि.आर.टेक्नोलोजीको प्रयोगमध्ये कुनले चाहिँ विद्यार्थीले सिकाइमा सहज तरिकाले सिक्न सहयोग गर्छ भनेर गरिएको थियो माथिको अनुसन्धानको प्रयोगपश्चात् भि. आर. टेक्नोलोजीभन्दा भिडियोको माध्यमबाट नै विद्यार्थीहरूले सहज तरिकाले सिक्न सकेको पाइएको छ । भि. आर टेक्नोलोजीबाट संज्ञानात्मक भार महसुस गरेको पाइएको छ। माथिको अनुसन्धानमा पनि भि. आर .टेक्नोलोजी र भिडियोभन्दा पाठसँग सम्बन्धित गरेर डि.एन. भी प्रयोगले प्रभाकारी सिकाइ गर्न सकिन्छ। यस अनुसन्धानमा पनि तीक्ष्ण विद्यार्थीका साथै अन्य विद्यार्थीहरूको पनि व्यवस्थापन गर्न सकिएको छ । शिक्षकले सिप भन्दा तरिकामा ध्यान दिनुपर्ने रहेछ भन्ने तथ्य प्रमाणित भएको छ (Egeberg,McConney,and Price, 2016)।माथिको अनुसन्धान अनुसार कक्षाकोठा व्यवस्थापनमा शिक्षकले सिपलाई मात्र जोड दिएर पढाउनु भन्दा पनि तरिकामा जोड दिएमा कक्षाकोठा व्यवस्थापन गर्न सकिन्छ यदि सिपलाई मात्र ख्याल गर्ने हो भने विद्यार्थीको व्यवस्थापन गर्न सकिँदैन। त्यसकारण विद्यार्थीहरूलाई पढाउँदा कक्षाकोठामा नयाँ तरिकाले शिक्षण गर्नु जरुरी हुने देखिन्छ भन्ने कुरा प्रमाणित गरेको छ तर दैनिक नयाँ तरिकाअनुसार शिक्षण गर्दा मात्र प्रभावकारी व्यस्थापन गर्न सकिन्छ यस अनुसन्धानमा पनि तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न शिक्षकले सिकारुको सिप भन्दा पनि डि. एन. भी तरिकामा जोड दिँदा उपयुक्त हुने देखिएको छ। विज्ञान विषय सिकाउन विद्यार्थीलाई सैद्धान्तिकभन्दा वागवानी क्रियाकलापमा जोड दियो भने सहज रुपमा सिक्न सक्छन् (आचार्य, बुढाथोकी, बजोनेस र देवकोटा, २०२०)। माथिको अनुसन्धानले सिकारु वा विद्यार्थीलाई वागवानी क्रियाकलाप गराएमा किताबमा पढाउनुपर्ने विषयवस्तुहरु सहज ढङ्गले बुझ्ने गर्छन्। रैथाने ज्ञानको विकास हुने देखिन्छ। कक्षाकोठाका विद्यार्थीहरूलाई व्यवस्थित तरिकाले राख्न सकिन्छ भन्ने कुरा प्रमाणित गरेको छ तर माथिको अनुसन्धानमा पनि डी. एन. भी. प्रयोग गर्ने हो भने अझ सहज र

दीर्घकालीन सिकाइ बढाउन सकिन्छ यस अनुसन्धानमा पनि तीक्ष्ण विद्यार्थीहरूलाई डी.एन. भी र स्थानीयताले नै व्यवस्थापन गर्न सहज हुने देखिएको छ।

विद्यार्थीलाई गणितको "Differential Geometry" भन्ने पाठ पढाउँदा DP Model बाट विद्यार्थीहरू प्रभावित व्यवस्थित भएको पाइएको छ (ढकाल, २०२२)। माथिको अनुसन्धान पनि D.P..नमुनाको साटो डी. एन. भी. विधिको प्रयोग गर्ने होभने सहज र प्रभावकारी व्यवस्थापन गर्न सकिने पाइन्छ। यस अनुसन्धानमा पनि डि.एन.भी. र स्थानीयताले नै तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गरेको छ। तीक्ष्ण विद्यार्थीलाई केन्द्रबिन्दुमा राखेर गरिएको अन्तरक्रिया र छलफलको गुणात्मक विश्लेषण गरिएको छ। उसका लागि सामाजिक पढाउने शिक्षकले दिनदिनै फरक फरक क्रियाकलाप गराउनु भएको छ। दिनदिनैको फरक क्रियाकलापले अफ सिर्जनात्मक भएको छ र व्यवस्थित भएको पाइएको छ। एकै किसिमको विधिबाट मात्र दीर्घकालीन कक्षा व्यवस्थापन गर्न नसकिएको कारण यो अनुसन्धान गर्नु जरुरी देखिएको छ।

अनुसन्धानमा ७५ दिनसम्म कक्षा १२लाई दैनिक दुई दिनको कक्षा तर दैनिक हाजिरी गरिएको शिक्षक, विद्यार्थी र अभिभावकबिचमा पनि दैनिकजसो कुराकानी भएको देखिन्छ यस प्रकियाको साइकलबाट विद्यार्थी दैनिक उपस्थित हुने र कक्षा नछाड्ने देखिएको छ। (त्रिपाठी,२०२२) । माथिको अनसन्धानमा यदि गरिएको चक्रभन्दा पनि डी. एन. भी. लाई प्रयोग गर्ने हो भने उपस्थिति संख्या बढाउन सक्ने देखिन्छ। क्रियाकलापले विषयवस्तुको ज्ञान भए पनि नयाँ क्रियाकलापले उत्साहित गराएको छ। हिजोसम्म अव्यवस्थित हुने तीक्ष्ण विद्यार्थी व्यवस्थित भएको पाइएको छ।

शिक्षक र विद्यार्थीको सम्बन्धले मुख्य भूमिका खेल्छ यदि शिक्षक र विद्यार्थीमा सम्बन्ध राम्रो हुने हो विद्यार्थीको सिकाइमा सुधार आउने देखिएको छ। विद्यार्थीहरूको पनि उत्प्रेरणाको मुख्य आधार शिक्षक र विद्यार्थीको सम्बन्ध हो भन्ने देखिएको छ (रावल, २०२२) माथिको अनुसन्धान भन्दा यस अनुसन्धानमा शिक्षक र विद्यार्थीको सम्बन्धभन्दा पनि डी. एन. भी.को प्रयोगले कसरी केहीदिन अगाडि व्यस्थापन गर्न गाह्रे हुने तीक्ष्ण विद्यार्थीलाई सहज ढङ्गबाट व्यवस्थापन गर्न सकिएको छ। कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा रहेको रैथाने ज्ञान डी.एन.भी. कथा, कविता,चित्र स्थानीयता जोडिएर निस्केको छ ।

व्यवस्थापन समिति, शिक्षकका साथै जिम्मेवार व्यक्ति लाग्ने हो भने मात्र कक्षाकोठामा सिपमूलक शिक्षा कार्यान्वयन गर्न सकिने देखिएको छ (मण्डल,२०१७)माथिको अनुसन्धानले भने भन्दा पनि यस अनुसन्धानमा पनि तीक्ष्ण विद्यार्थीलाई सामाजिक शिक्षकको डि.एन. भी. र स्थानीयताको प्रयोगले व्यवस्थित बनाएको छ। नेपालभन्दा बाहिरका देशहरुमा तीक्ष्ण विद्यार्थीलाई मुख्य केन्द्रबिन्दुमा राखेर उनीहरूको क्षमतालाई हरतरहले प्रस्फुटन गराउने प्रयत्न गरिन्छ। नेपालको सन्दर्भमा भने पास प्रतिशत कसरी बढाउने र राम्रो रिजल्ट ल्याउने भन्ने कुरालाई मात्र जोड दिइएको पाइन्छ। कक्षामा पनि मध्यम विद्यार्थीलाई मात्र ध्यान दिइन्छ तीक्ष्ण विद्यार्थीको ख्याल गरिँदैन। कक्षाकोठामा रहेका तीन तहका तीक्ष्ण, औसत र निम्न स्तरका विद्यार्थीहरूमध्ये तीक्ष्ण विद्यार्थीको उचित व्यवस्थापन गर्नु हो। तीक्ष्ण विद्यार्थीलाई आफ्नो रैथाने ज्ञानको विकास गर्दै दिन दिनको फरक किसिमको क्रियाकलापले व्यवस्थित हुन सहयोग गर्छ।

## निष्कर्ष

तीक्ष्ण विद्यार्थीको व्यवस्थापनको लागि शिक्षक नै सक्रिय हुनुपर्ने रहेको पाइएको छ। प्राज्ञिक रुपमा पनि सक्षम भई दैनिक डि. एन. भी.प्रयोग गर्नु पर्ने रहेछ भन्ने देखिएको छ। डि.एन. भीं को प्रयोगले मात्र तीक्ष्ण विद्यार्थीको व्यवस्थापन गर्न सकिने देखिएको छ । यो विधिको प्रयोगले तीक्ष्ण विद्यार्थी मात्र होइन सबै विद्यार्थीको व्यवस्थापन गर्न सकिएको र सिकाइमा बृद्धि भएको पाइएको छ। शिक्षण एउटा कला भएको कारण विद्यार्थीलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा शिक्षकमा भर पर्छ । शिक्षकको प्रभावकारी शिक्षण प्रक्रिया नै व्यवस्थापनको पक्ष रहेछ भन्ने पाइएको छ । शिक्षकले कक्षामा फरक स्वाद दिनुपर्ने रहेछ र नवीन शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीमा परिवर्तन ल्याउने रहेछ भन्ने कुरा चरितार्थ भएको छ । यसै सिद्धान्तलाई जोड्दै ललितपुरको गोदावरी १० मा पर्ने नीजि विद्यालयको कक्षा छमा पढ्ने तीक्ष्ण विद्यार्थीमा आएको परितर्वनले यो अनुसन्धानलाई सार्थक बनाएको छ। तीक्ष्ण विद्यार्थी सक्रिय भएर क्रियाकलापमा लाग्न थालेको पाइएको छ । खुसी भएर विद्यालय आउन थालेको पाइएको छ। उसमा जानेकै विषयवस्तुमा पनि संस्कृतिको ज्ञान दिने सिर्जनात्मक सोचाइ बढ्न थालेको र व्यवस्थापनमा सहज भएको पाइएको छ । यो क्रियाकलापले मानसिक सोचाइमा बृद्धि हुन थालेको र सहज व्यस्थापन भएको पाइएको छ। तीक्ष्ण विद्यार्थी एकदम उत्साहित भएर रचनातिर लागेको कारण सहजता पाइएको छ। रैथाने ज्ञान कथा कविताकामाध्यमबाट एकआपसमा बाड्न थालेर व्यवस्थित भएको पाइएको छ । विविध धर्म मान्ने, विविध जातका, विविध समुदायका जानकारीका लागि व्यवस्थित बनेको पाइएको छ । कुन धर्म मान्ने मानिस कहाँ जान्छ भन्ने खोजी गर्दै चित्र बनाउन लागेको पाइएको छ। यस क्रियाकलापमा पनि ऊ उत्साहित भएर सहभागी भएको पाइएको छ। सामाजिक शिक्षाको कक्षामा तीक्ष्ण विद्यार्थीको यस्तो सहज व्यवस्थापन भएको पाइएको छ । उसको व्यवस्थापनको पक्ष विविध नवीन क्रियाकलाप डि. एन. भी.नै भएको पाइएको छ । तीक्ष्ण विद्यार्थी मनोवैज्ञानिक रुपबाट हेर्दा पनि निकै हँसिलो र खुसिलो देखिएको छ । उसको वैचारिक परिवर्तनसँगै व्यावहारिक परिवर्तन पनि देखिएको छ। तीक्ष्ण विद्यार्थीको व्यवस्थापनबाट वास्तविक समाजको यथार्थ चित्र पनि उतारिएको छ। एक महिना अगाडिसम्म अव्यवस्थित रहेको विद्यार्थी आजका दिनका नयाँ क्रियाकलापका लागि आतुर भएर व्यवस्थित बन्न थालेको पाइएको छ अन्य विद्यार्थी पनि व्यवस्थित भई सिकाइमा वृद्धि भएको पाइएको छ । यो विधिको प्रयोगले तीक्ष्ण विद्यार्थी मात्र होइन सबै विद्यार्थीको व्यवस्थापन गर्न सकिएको र सिकाइमा बृद्धि भएको पाइएको छ। प्रस्तुत अध्ययनका लागि वर्णनात्मक र विवरणात्मका अनुसन्धानात्मक ढाँचा अपनाउन सकिने भए तापनि यस अध्ययनको प्रक्रियालाई दृष्टिगत गरी द्रुत सिकाइका सिद्धान्तलाई आधार मानेर यी विधिहरु अवलोकन,प्रश्नोत्तर र अन्तर्वार्तालाई उपयुक्त ठानिएको छ। विशेष गरी यस प्रकारका अनुसन्धानमा विषयवस्तुको विश्लेषणमा जोड दिने हुँदा प्रस्तुत अध्ययनमा पनि उपयुक्त प्रक्रियालाई नै अवलम्बन गरिएको छ। हरेक शिक्षकले कक्षाकोठामा डि.एन.भी.को प्रयोग गरेर तीक्ष्ण विद्यार्थी र कक्षाको व्यवस्थापन गरी सिकाइमा बृद्धि गर्न सकिने देखिन्छ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन कक्षाकोठामा तीक्ष्ण विद्यार्थीको व्यवस्थापन शीर्षकको अनुसन्धान कार्यमूलक अनुसन्धान हो । यो अनुसन्धान तयार गर्नेक्रममा अति व्यस्तताका समयमा पनि आफ्नो अमूल्य समय दिई

आवश्यक सल्लाह,सुझाव दिनुहुने जन भावना क्याम्पसका शोधनिर्देशक मित्र रोशन कर्मचार्य ज्यूप्रति र महेन्द्र रत्न ताहाचल क्याम्पसका उप्राध्यापक हेरम्ब राज बास्तोला ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । कार्यमूलक अनुसन्धानलाई अगाडि बढाउनेक्रममा इन्टरभेन्सनको कार्य गर्नु हुने कक्षा ६मा सामाजिक शिक्षा पढाउनु हुने शिक्षकप्रति र जन भावना क्याम्पसकी विद्यार्थी अन्तरक्रियात्मक कार्यक्रममा सहयोग गर्नु भएको थियो उहाँप्रति पनि आभारी छु । यस अनुसन्धानका तीक्ष्ण विद्यार्थी, कक्षा ६मा पढ्ने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरु र हाम्रो विद्यालय परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

## सन्दर्भ सामग्री

Acharya K.P.,Budhathoki,C.B.,Bjonness,B.,& Devkota,B.(2020).*school gardening activities as contextual scaffolding for learning science :Participatory action Research* 30(30),462-479.https://dio.org/10.1080/09650792.2020.1850494

(आचार्य,कमलप्रसाद,बुढाथोकी, चित्रबहादुर,बजोनेस, बर्गिट र देवकोटा भीमसेन,(२०२०),*विज्ञान सिक्ने सन्दर्भमा विद्यालय गार्डिङ गतिविधिहरु,नेपालको समुदायमा शैक्षिक कार्य अनुसन्धान* ३०(३०),४६२-४७९. https://dio.org १०.१०८०/०९६५०७९२.२०२०.१८५०४९४)

Dhakal,B.P.(2022).*Digital pedagogy :An effective Model for 21 century Education .Academic Journal of Mathematics Education* ,5(1),1-9https://dio.org/10.3126/ajme.v5il.54534

(ढकाल,वेदप्रसाद,(२०२२),*डिजिटल पेडागोजी २१ औँ शताब्दीको शिक्षाको प्रभावकारी नमुना,* गणित शिक्षाको शैक्षिक जर्नल,५(१),१-९.https://dio.org/१०.३१२६/ajme.v5il.५४५३४)

Egeberg H.M.,McCony,A.,& Price, A.(2016). Classroom management and National Professional Standards for Teachers: A Review of the Literature on Theory and practice .*Australian Journal of Teacher Education* 41(1), 1-18. https://dio.org/10.1422/ajte.2016v41n7.1

Huang y., Richter,E., Kleickmann, T.& Richter,D.(2022).Comparing video and virtual reaity as tools for fostering interest and self efficacy in classroom management : Results of a pre registered experiment . *British journal of Educational Technology* ,54(2), 467-488https://dio.org/10.1111/bjet.13254

Jamba,N.,& Norbu, L. (2023).Effective classroom mamagement and student ' academic Peformance : A study in one of the middle secondary schools in Bumthang district.*Polaris Global journal of scholarly Research and Trends ,* 2(1), 11-24 . https://dio.org/10 .58429/pgjsrt.v2nla112

Sieberer-Nagler, K.(2015) . Effective classroom Management and Positive Teaching . *English Language Teaching .9(1) ,163-172. 9https://dio.org/10.5539/elt.v9nlp163*

Mandal, R. B. (2017) Implementation of the teacher training for classroom management . Academic Voices *: A Multidisciplinary Journal*, 7, 50-54 .https://dio.org/ 10.3126/av.v7io.21370

Quassimi , M.N.(2021). Classroom management .Unicaf University .

Rawal ,S. B.(2022). The role of teacher –student relationship motivation . *AMC Multidisciplinary Research. Journal ,*3(1) ,11-23. https://dio.org/10.3126 /amrj.v3il.55818

Tripathi , K.P. (2022) . *Classroom action Research on solving problem in Janapriya Multiple* Campus, Pokhara. Awadharana, 7 (1), 126-139.https://dio.org/10.3126/awadharana.. v7il.49157

Santhanam, V. (2022) . *Classroom management* . Avinashilingam University .

Shrestha, C. B., Basnet ,M.& GC, K.B. (2076) . *Classroom instruction* . Kathmandu :Bhudipuran Prakashan